आज मिति २०७२ भाद्र ११ गते शुक्रबार दिनको ५:०० बजे कार्यकारी अधिकृत श्री उद्धबप्रसाद रिजालको अध्यक्षतामा भक्तपुर नगरपालिका कार्य संचालन समिति (बोर्ड बैठक) को बैठक भनपा वडा नं. १० स्थित नयां  भवन व्यासीमा निम्न उपस्थितिमा बसि निम्न विषयमा छलफल र निर्णय गरियो :

**उपस्थिति**

१. कार्यकारी अधिकृत  उद्धबप्रसाद रिजाल अध्यक्ष

**आमन्त्रितहरुः**

१. अध्यक्ष श्री गौतम प्रसाद लासिवा कर्मचारी एशोसिएसन

२. आ.ई. रामगोविन्द श्रेष्ठ

३. आ.ई. दिलभक्त जयना

४. का.अ. गणेशलाल फोजू

५. जि.अ. रेभिड कुस्मा

६. क.अ. प्रभासकुमार चालिसे

७. पु.अ. भुपाल मूल

८. इ. ओमहरि था

९. शा.अ. अम्बिका धौभडेल

१०. शा.अ. रत्नमाया बाला श्रेष्ठ

११. शा.अ. दिलिपकुमार सुवाल

१२. इ.हरिबहादुर सुवाल

१३. शा.अ. दामोदर सुवाल

१४. आलेप विनोद आगन्जा

१५. प्रे.अ. काशिलाल प्रजापति

**विषयहरु :-**

१. देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनाको खाता खोल्ने तथा रि.ल.ई स्वीकृत गर्ने बारे ।

२. प्र.ज.ग. कोरियाका प्रतिनिधि मण्डललाई स्वागत तथा अन्य व्यवस्था बारे ।

३. विनायक विद्याश्रमलाई सार्वजनिक शैक्षिक गुठीमा लाने ।

**निर्णयहरु :-**

१(क). यस न.पा.बाट संचालित देको, मिवा जग्गा एकीकरण आयोजनाको मिति २०७२।५।११ गते बसेको व्यवस्थापन उपसमितिबाट उक्त आयोजनाको लागि आ.व. २०७२/०७३ को लागि २,५०,००,०००।- (दुई करोड पचास लाख) को बजेट स्वीकृत भएको हुंदा आयोजनाको बजेट कार्यान्वयन समेत गर्नको लागि आयोजना प्रमुख दिलभक्त जयना र लेखापाल सावित्री प्रजापतिको संयुक्त दस्तखतबाट खाता संचालन गर्ने गरी नेपाल बैंक लिमिटेडमा नियमानुसार रकम राखी खाता खोल्ने निर्णय गरियो :

(ख) भक्तपुर नगरपालिकाद्वारा संचालित देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनाको लागि मिति २०७१।८।१ मा रु.१,१६,४४,४७,२०२ को ल.ई. स्वीकृत भइराखेकोमा मिति २०७२।५।१० को उपभोक्ता समितिका निर्णयानुसार आयोजना क्षेत्रमा अब बन्ने नयां सडकहरुको न्यूनत्तम चौडाई ६ मि. (साविक घरहरु भएको स्थान बाहेक) हुने गरी प्रस्तावित अवधारणा योजना/नक्सा सुधार गरिएको र सो अनुसार आयोजनाको लागि आ.व. २०७१/०७२ को दररेट अनुसार जम्मा रु.१,१७,७७,२५,४०३।- (अक्षेरेपी रु.एक अर्ब सत्र करोड सत्तहत्तर लाख पच्चीस हजार चार सय तीन मात्र) को रि.ल.ई. स्वीकृत गर्ने निर्णय गरियो ।

२. प्र.ज.ग. कोरियाको दक्षिण प्योङ्ग ङान प्रान्तको र भक्तपुर नगरपालिकाबीच मिति २०७१ श्रावण ३ गते भगिनी सम्बन्ध स्थापना भई आर्थिक, व्यापारिक क्षेत्रमा समेत अनुभव आदान-प्रदान भइरहेकोमा यस न.पा.को निमन्त्रणामा प्र.ज.ग. कोरियाको दक्षिण प्योङ ङान प्रान्तको वाह्य मामिलाका निर्देशक किम जङ्ग ओ को नेतृत्वमा ३ जनाको प्रतिनिधिमण्डल २०७२।५।१३ गते भक्तपुर आउने भएको हुंदा निजहरुलाई स्वागत, खानेबस्नेको व्यवस्था गर्ने सोको लागि लागेको खर्च पर्यटन प्रवर्द्धन शीर्षकबाट खर्च गर्ने निर्णय

गरियो । साथै उक्त प्रतिनिधिमण्डललाई आवश्यक व्यवस्था गर्न देहाएका कर्मचारीहरुलाई जिम्मा दिने निर्णय गरियो :

**<u>तपसिल</u>**

१. पर्यटन अधिकृत श्री गौत्तम प्रसाद लासिवा

२. पर्यटन अधिकृत श्री दामोदर सुवाल

३. खरिदार श्री सुरेश ताम्राकार

४. ड्राइभर श्री बुद्धिप्रसाद सुवाल

३. भक्तपुर नगरपालिकाबाट संचालित शारदा उच्च मा.वि. र विनायक विद्याश्रमको २०७२ असार ६ गतेको बैठकले भक्तपुर नगरपालिकाको नाममा रहेको विनायक विद्याश्रम प्रा.लि.लाई शैक्षिक गुठीमा दर्ता गर्न भक्तपुर नगरपालिकालाई अनुरोध गर्ने भनी शारदा क्याम्पसबाट लेखी आएको हुंदा हाल कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता कायम विनायक विद्याश्रमलाई खारेज गरी कानुन बमोजिम उक्त विद्यालश्रम सार्वजनिक शैक्षिक गुठीमा दर्ता गर्ने र सोको लागि नगरपालिकाको तर्फबाट संचालकका रुपमा प्रतिनिधित्व गर्ने कार्यको लागि कार्यकारी अधिकृतलाई अख्तियारी दिने र कानुन अधिकृत गणेशलाल फोजुलाई आवश्यक कार्य गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

मिति २०७२ बैशाख १२, १३ र २९ गते आएको विनाशकारी भूकम्पबाट भक्तपुर नगरपालिकाको सामान स्टोर गरी राखेको लामो पाटी भत्किएको र त्यसपछि पटक पटक आएको पराकम्पनबाट समेत पाटी भत्किएकोले पाटीमा स्टोर गरी राखेको निम्न लिखित सामानहरू हराएको, नष्ट भएको र कामै नलाग्ने गरी विग्रेको भनी स्टोर शाखाबाट पेश भएको टिप्पणी माथि छलफल हुंदा उक्त सामानहरू सामानहरू मिनाहा गरी जिन्सी किताबबाट लगत कट्टा गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | सामानको नाम | जि खा नं | परिमाण | एकाई | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्लग | ६४ | ७ | वटा | |
| २. | झोला | ६७ | ५६ | वटा | प्रशिक्षार्थीहरूबाट प्राप्त |
| ३. | बर्षादी | ६९ | ४ | वटा | |
| ४. | छाता | ७२ | ७ | वटा | |
| ५. | एप्रोन | ७४ | ८ | वटा | |
| ६. | जुत्ता | ७५ | २ | वटा | पियनहरूको छालाको जुत्ता |

| | | | |
|---|---|---|---|
| ७. फिल्म रोल | ७७ | १० | वटा |
| ८. क्यासेट चक्का | ८३ | ९ | वटा |
| ९. सानो ब्यात्री यूपिएस | ८४ | ४ | वटा |
| १०. हेड गार्ड | ८५ | ८ | वटा |
| ११. १० औंस ग्लोब | ८७ | १० | जोर |
| १२. स्किपिङ्ग रोप | ९२ | ५ | वटा |
| १३. वल्व २५० वाट | ९९ | १० | वटा |
| १४. वल्व १५० वाट | १०० | ९ | वटा |
| १५. वलाष्ट १५० वाट१०१ | १४ | वटा | |
| १६. होल्डर २५० वाट१०२ | | १ | वटा |
| १७. होल्डर १२५ वाट१०३ | | ३२ | वटा |
| १८. ईग्नेटर | १०४ | ६ | वटा |
| १९. क्यापासिटर | १०५ | २ | वटा |
| २०. क्यपासिटर एफ | १०६ | १७ | वटा |
| २१. एमसिवि स्विच | १०७ | १ | वटा |
| २२. स्विच | १०८ | ३ | वटा |
| २३. माक्स | १०९ | १ | वटा |
| २४ सेलोटेप | ११३ | ३ | वटा |
| २५. प्लाष्टिक कभर | ११४ | ९० | वटा |
| २६. पेचकिल्ला | ११५ | १५० | वटा |
| २७. स्टिप ल्याम्प | ११६ | २ | वटा |
| २८. झण्डा | १२० | १ | वटा |
| २९. रिभलिङ्ग चियर | १।२९ | ४ | वटा |

| | | | | |
|---|---|---|---|---|
| ३० कुशन मेच | १।१३ | ३ | वटा | |
| ३१ लाईब्रेरी मेच | १।४ | २ | वटा | |
| ३२ काठको र्‍याक | १।२६ | २ | वटा | |
| ३३ स्टिल र्‍याक | २६ | ७ | वटा | |
| ३४. कम्पोष्ट वीन | | ४ | वटा | हराएको |
| ३५. कम्पोष्ट विन | | १९ | वटा | काम नलाग्ने गरी बिग्रेको |
| ३६. प्लाष्टिक बाल्टिन | | २५ | वटा | |